यो मात्र पर्याप्त होइन् ।" थियो । पहिलो हाफमा थकित दुहवी भेट्रान क्लबले मोरङको नागेश कोइरालाले गरेका थिए ।

दैनिक २०७९।१।१३

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १, विराटनगर

# चमेना गृह संचालनसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७९।१।१३*

यस कार्यालयको हाताभित्र रहेको भवनमा आ.व. २०७९/८० का लागि चमेना गृह भाडामा दिई चमेना गृह संचालन गर्नुपर्ने भएकोले तपसिलको शर्तहरू पालना गर्ने गरी प्रतिस्पर्धात्मक माध्यमबाट भाडादर निर्धारण गरी सो स्थानमा चमेना गृहसमेत संचालन गर्नका लागि ईच्छुक योग्यता पुगेका फर्म, व्यक्ति तथा व्यवसायीहरूले १५ दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सो सूचना यस कार्यालयको वेबसाईट धधधायककाउिजानयखालउ मा समेत हेर्न सकिनेछ । यो सूचनासम्बन्धी अन्य थप जानकारी आवश्यक परेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

१। दरभाउपत्र फाराम रु. १००० (एक हजार रुपैंया) प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राजश्व खाता नं. १०००१००२०१०१०००१ मा यस कार्यालयको कोड नं ३०१००१३०११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी ईजाजत प्राप्त सम्बन्धित फर्म भए व्यवसायीले फर्म दर्ता प्रमाणपत्र साथै आ.व. २०७८।७९ को करचुक्ता प्रमाणपत्र/म्याद थप र एक्ट दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२। खरिद गरिएको दरभाउपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयभित्र आफूले कबोल गरेको भाडा रकमको एकमुष्ट एक वर्षको भाडा रकमको २% रकम नगद प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं २१२०१००२०२०३०००० मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

३। कुनै कारणवश दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कायम गरिनेछ ।

४। प्राप्त दरभाउपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २ बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरू तथा प्रस्ताव पेश गर्ने प्रस्तावदाता वा निजका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ तर प्रस्तावकका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५। दरभाउ स्वीकृत वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ ।

६। पेश भएका प्रस्तावहरूमध्ये सबैभन्दा बढी भाडा रकम कबोल गर्ने दरभाउपत्रदाताको प्रस्ताव स्वीकृत गरिनेछ तर त्यस्तो सबैभन्दा बढी अंक कबोल गर्ने प्रस्ताव अन्य मूल्यांकनमा समेत सफल भएको हुनुपर्नेछ ।

७। प्रत्येक तीन महिनामा एकपटक भाडा वापतको रकम बुझाउनु पर्नेछ । प्रतिमहिना न्यूनतम बहाल करसहित भाडा रकम रु. ३५००।- (तीन हजार पाँच सय मात्र) ।'

८। चमेना गृह संचालनका लागि फर्निचरलगायतका अन्य सामग्रीहरूको व्यवस्थापन छनौट भएको प्रस्तावदाता स्वयंले गर्नु पर्नेछ ।

९। चमेनागृहका लागि छुट्टै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको बिलको भुक्तानी दायित्व चमेनागृह संचालककको हुने ।

१०। चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत कार्यालयले सम्झौता भंग गर्नसक्नेछ । साथै आपसी सहमतिको आधारमा सम्झौता अवधी थप हुन सक्नेछ ।

११। यो सूचनामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ ।

१२। सम्झौता गर्न आउँदा कबोल गरेको वार्षिक भाडा रकमको ३% रकम धरौटी वापत बैंकमा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।